सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
CDS and Clearing Limited
(An Undertaking of Government of Nepal)

CDSC

# *Global Money Week 2026, 16 to 22 March*

## प्रेस विज्ञप्ति

***"Smart Money Talks"*** भन्ने नाराका साथ *Global Money Week 2026 (GMW2026)* को तेस्रो दिन मिति २०८२ चैत ४ गते नेपाल ल क्याम्पस, रत्न राज्यलक्ष्मी क्याम्पस, पाटन बहुमुखी क्याम्पस, शंकर देव क्याम्पस, पद्मम कन्या बहुमुखी क्याम्पस र नेपाल कमर्श क्याम्पसका विद्यार्थीहरुको सहभागितामा होटल हिमालय, कुपन्डोल, ललितपुरमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरियो ।

उक्त कार्यक्रममा सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) का प्रबन्ध संचालक/कार्यकारी प्रमुख प्रविन पन्दाकले अध्यक्षता गर्नु भएको थियो भने नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी प्रमुख अतिथिको रुपमा रहनु भएको थिया भने नबिल बैंक लि. का प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवाली विशेष अतिथिको रुपमा रहनु भएको उक्त कार्यक्रममा विभिन्न सरकारी कलेजका विद्यार्थी सहित ७० जना भन्दा बढीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा सहभागी विद्यार्थीहरुलाई *GMW 2026* का साथै पुँजी बजार, मुद्रा बजार र सिडिएससिले प्रदान गर्ने सेवाहरु बारे संक्षिप्त जानकारी दिईयो ।

त्यसै गरी, उक्त कार्यक्रममा नबिल बैंक लि. का प्रमुख कार्यकारी अधिकृत मनोज कुमार ज्ञवालीले पूँजी बजार र मुद्रा बजारका सम्वन्धमा समग्र रुपमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । ज्ञवालीसँग नेपाल राष्ट्र बैंक, ग्लोबल आईएमई बैंक र ज्योति विकास बैंकमा उच्च नेतृत्वमा रहेर २६ वर्ष भन्दा बढीको कार्य अनुभव छ ।

प्रस्तुतिकरण पश्चात विद्यार्थीहरुका जिज्ञासाहरुको नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा.नवराज अधिकारी, सिडिएससिका प्रबन्ध संचालक/कार्यकारी प्रमुख प्रविन पन्दाक र नबिल बैंक लि. का प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवालीज्यूले आ-आफ्नो तर्फबाट जवाफ दिनु भएको थियो ।

***"Digital holding of securities ensures trustworthiness and efficiency"***